# तथ्याङ्क उपलब्धता सम्बन्धी कार्यविधि, २०८१

## प्रस्तावना

स्वास्थ्य बीमा कार्यक्रमको तथ्याङ्क उत्पादन, प्रशोधन, भन्डारण, प्रकाशन र वितरणलाई विश्वशनीय, व्यवस्थित र समय सापेक्ष बनाई उपयुक्त निर्णय प्रक्रियामा प्रयोग गर्न यो कार्यविधि तयार गरिएको छ र स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १५को (क) बमोजिमको कार्य सम्पादन गर्ने उदेश्यले सोही ऐनको दफा ४१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य बीमा बोर्डको नीति तथा योजना निर्माण र कार्यक्रम कार्यान्वयन तथा मुल्याङ्कन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने उदेश्यका साथै तथ्याङ्क ऐन, २०७९ ले गरेको व्यवस्था बमोजिम यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम "तथ्याङ्क उपलब्धता सम्बन्धी कार्यविधि, २०८१" रहेको छ। यो कार्यविधि मिति २०८१।०१।२० गतेबाट लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अनुसन्धानकर्ता" भन्नाले अनुसन्धान गर्ने कुनै राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था अथवा व्यक्ति भन्ने सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "नियम" भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा ऐन तथा नियमवाली बमोजिम स्थापित स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्दछ।

(ङ) "तथ्याङ्क" भन्नाले स्वास्थ्य बीमा बोर्डमा उपलब्ध हुने संख्यात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) सूचना भन्ने सम्झनु पर्दछ।

(च) "परिचय नखुल्ने तथ्याङ्क" (Anonymized Data) भन्नाले व्यक्ति तथा संस्थाको पहिचान नखुल्ने गरि त्रुटीहरु (Error) हटाई तयार गरिएको तथ्याङ्क भन्ने सम्झनु पर्दछ ।

(छ) "विश्लेषित तथ्याङ्क" भन्नाले तथ्याङ्क प्रशोधन गरी निकालिएका सूचकहरु, संघ, प्रदेश र स्थानीय तहका कुल (Aggregated) तथ्याङ्कहरु भन्ने सम्झनु पर्दछ ।

कार्यकारी निर्देशक

(ज) "कम्प्युटर डाटाबेस" भन्नाले कम्प्युटर वा कम्प्युटर नेटवर्क प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि, ध्वनि, वा श्रव्य-दृश्यमा औपचारिक तवरले तयार गरिएको संख्यात्मक तथा गुणात्मक विवरण, तथ्याङ्क सूचना, नक्शा वा अवधारणा सम्झनु पर्दछ।

(झ) "संस्था" भन्नाले सार्वजनिक, निजी, गैरसरकारी वा सहकारी संस्था सम्झनु पर्दछ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिले तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) "मुल्यांकन समिति" भन्नाले माग गरिएको तथ्याङ्क र उपलब्धता गर्नु पर्ने तथ्याङ्क प्राविधिक जाँच गरि उपलब्ध गराउने वा नगराउने भनि कार्यकारी निर्देशकलाई सिफारिस गर्ने समिति भनि सम्झनु पर्दछ।

## परिच्छेद २

## तथ्याङ्क उपलब्धता सम्बन्धी

३. नेपाल स्वास्थ्य अनुसन्धान परिषद (NHRC), संस्थागत पुनरावलोकन बोर्डबाट (IRB) प्राप्त र बोर्डसँग सम्झौता गरि प्राविधिक सहयोग गर्ने संस्था वा व्यक्तिलाई परिचय नखुल्ने तथ्याङ्क उपलब्ध गराइनेछ ।

४. कुनै सरकारी, गैरसरकारी संस्था, संचार संजाल वा व्यक्तिले तथ्याङ्क प्रयोग गर्नु परेमा विश्लेषित तथ्याङ्क उपलब्ध गराइने छ ।

५. कुनै अनुसन्धानकर्ताले परिचय नखुल्ने तथ्याङ्क अध्ययन गर्न चाहेमा अनुसूची २ बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गरि मुल्यांकन समितिको सिफारिसमा कार्यकारी निर्देशकबाट स्वीकृति लिई अनुसूची १ बमोजिमको सम्झौता गर्नुपर्नेछ ।

६. सामुदायिक तथा संस्थागत स्तरमा गई प्राथमिक तथ्याङ्कमा अध्ययन गर्न चाहेमा अनुसूची २ बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गरि मुल्यांकन समितिको सिफारिसमा कार्यकारी निर्देशकवाट स्वीकृति लिनुपर्नेछ ।

७. अध्ययन/ अनुसन्धानार्थ परिचय नखुल्ने तथ्याङ्क उपलब्ध गराउँदा लाग्ने दस्तुर अनुसुची-३ बमोजिम हुनेछ ।

८. सामुदायिक तथा संस्थागत स्तरमा गई प्राथमिक तथ्याङ्कमा अध्ययन गर्न चाहेमा दस्तुर लाग्ने छैन ।

९. अनुसन्धानकर्ताले सो तथ्याङ्क प्रयोग गरि राष्ट्रिय वा अन्तराष्ट्रिय Peer Reviewed Journal मा प्रकाशित गर्नु पूर्व स्वास्थ्य बीमा बोर्डका पदाधिकारी तथा कर्मचारीलाई योगदानका आधारमा सह-लेखकको भूमिका (Co-authorship) दिनु पर्नेछ ।

१०. अनुसन्धानकर्ताले अनुसन्धान पश्चात अन्तिम प्रतिवेदन (Hard copy वा Digital Copy) बुझाई समिति समक्ष प्रस्तुतीकरण गर्नुपर्नेछ ।

कार्यकारी निर्देशक

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

११. अनुसन्धानकर्ताले जुन विषयमा अनुसन्धान गर्नका लागि परिचय नखुल्ने तथ्याङ्क माग गरेको हो सोही प्रयोजनको लागि मात्र तथ्याङ्क प्रयोग गर्नु पर्नेछ । अन्य व्यक्ति तथा संस्थालाई तथ्याङ्क प्रदान गर्न पाइनेछैन ।

१२. अनुसन्धानकर्ताले अनुसन्धान समापन पश्चात परिचय नखुल्ने तथ्याङ्क १० वर्ष भित्र नस्ट (Data Disposal) गर्नु पर्नेछ ।

१३. माथि उल्लेखित दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र विषयमा तथ्याङ्क संकलन तथा प्रकाशन गर्न स्वास्थ्य बीमा बोर्डले अनुमति दिने छैन। मुलुकको राष्ट्रिय हित, शान्ति सुरक्षा वा कुटनीतिक सम्बन्धमा प्रतिकुल असर पर्ने देखिएमा, स्वास्थ्य बीमा बोर्ड आफैले तथ्याङ्क संकलन गर्ने वा गराउने कार्यक्रम रहेमा र प्रचलित कानुनले निषेध गरेमा ।

## परिच्छेद ३

## मूल्याङ्कन समिति

१४. **समिति गठनः-** "तथ्याङ्क उपलब्धता सम्बन्धी कार्यविधि, २०८१" लाई कार्यान्वयन गर्न निम्न सदस्यहरू रहेको मुल्यांकन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, नीति, योजना, अनुगमन तथा अन्तरास्ट्रिय समन्वय महाशाखा | संयोजक |
| (ख) स्वास्थ्य अर्थशास्त्री (स्वास्थ्य अर्थशास्त्री) | - सदस्य |
| (ग) प्रमुख, सूचना प्रविधि (IT) शाखा | - सदस्य |
| (घ) प्रमुख, अनुगमन तथा मुल्यांकन शाखा | -सदस्य |
| (ङ) प्रमुख, अनुसन्धान शाखा | - सदस्य-सचिव |

**१५. समितिको बैठक र निर्णय**

(क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(ख) कुनै पनि अनुसन्धानकर्तालाई अध्ययन गर्न अनुमति दिनुपुर्व समितिको बैठक बसि सो सम्बन्धमा सिफारिस गर्ने वा नगर्ने कारण सहित कार्यकारी निर्देशकलाई सिफारिस गर्नुपर्नेछ ।

(ग) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**१६. समितिको काम कर्तव्य र अधिकारः** यस कार्यविधिमा उल्लेखित काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) तथ्याङ्क माग गरिएका प्रस्तावनाहरुको उपयुक्त विधिद्वारा विश्लेषण गर्ने ।

(ख) समितिले आवशकता ठहर गरेमा अनुसन्धानकर्ताले प्रस्तावना पत्रको प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(ग) तथ्याङ्क उपलब्ध गराउन पूर्व यसको गुणस्तरीयता तथा प्रभावकारिता सुनिश्चित गर्ने ।

(घ) IRB/IRC बाट अनुमति प्राप्त लिए/नलिएको ।

(ङ) अनुसन्धानकर्ताले (तथ्याङ्कको प्रयोग) सम्झौता बमोजिको कार्य गरे/ नगरेको निक्योंल ।

कार्यकारी निर्देशक

(च) अनुसूची ३ बमोजिम प्राप्त प्रस्तावनाहरुलाई विभाजन र सहजीकरण।

(छ) कार्यकारी निर्देशकवाट तथ्याङ्क उपलब्ध गराउने भनि स्वीकृत पश्चात समितिको सदस्य-सचिवको समन्वयमा सम्बन्धित शाखाले कम्प्युटर डाटाबेस अनुसारको विद्युतीय माध्यममा प्रदान गर्नेछ ।

## परिच्छेद ४

## कसुर र सजाय

१७. **कसुर र सजायः** अनुसन्धानकर्ता वा निकायले यस कार्यविधिको पालना नगरी कार्य गरेको पाइएमा वा गराएमा तथ्याङ्क ऐन, २०७९ को दफा २६ को व्यवस्था बमोजिम कसुर र सजाय हुनेछ ।

## परिच्छेद ५

## विविध

१८. **कार्यविधि कार्यान्वयन मापनः** यो कार्यविधि प्रारम्भ भएको तीन वर्ष पुरा भएको एक वर्ष भित्र मुल्यांकन समितिले कार्यविधि कार्यान्वयन अवस्थाको मापन गर्नेछ र सो को प्रतिवेदन स्वास्थ्य बीमा बोर्डमा पेश गर्नु पर्नेछ ।

१९. **कार्यविधि संशोधनः** यो कार्यविधि स्वास्थ्य बीमा ऐन, २०७४ र स्वास्थ्य बीमा नियमावली, २०७५ को व्यवस्थाहरु कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

कार्यकारी निर्देशक

## अनुसूची १

(परिच्छेद २ को दफा ५ सँग सम्बन्धित)

## सम्झौता पत्र

आज मिति __/__/____ का दिन स्वास्थ्य बीमा बोर्ड (पहिलो पक्ष) र ____________ (दोश्रो पक्ष) विच परिचय नखुल्ने तथ्याङ्कको प्रयोग गरि अध्ययन/अनुसन्धान/थप विश्लेषणका लागि सम्झौता गरिएको छ । तथ्याङ्कको सही उपयोगको लागि पहिलो पक्ष र दोश्रो पक्षको निम्न जिम्मेवारी रहनेछ ।

पहिलो पक्षको जिम्मेवारी

- समितिको सिफारिस पश्चात कार्यकारी निर्देशकको स्वीकृती अनुसार परिचय नखुल्ने तथ्याङ्क अनुसन्धानकर्तालाई प्रदान गर्ने ।
- परिचय नखुल्ने तथ्याङ्कको दुरुपयोग भएको/नभएको सुनिश्चित गर्ने ।

दोश्रो पक्षको जिम्मेवारी

- परिचय नखुल्ने तथ्याङ्क प्राप्त गरे पश्चात यसको सुरक्षा गर्ने ।
- जुन प्रयोजनको लागि परिचय नखुल्ने तथ्याङ्क प्राप्त गरेको हो सो कामको लागि मात्र प्रयोग गर्ने ।
- परिचय नखुल्ने तथ्याङ्क विश्लेषण पश्चात प्राप्त नतिजालाई स्वास्थ्य बीमा बोर्डमा पेश गर्ने ।
- परिचय नखुल्ने तथ्याङ्क प्रयोग पश्चात तथ्याङ्क नस्ट गरि सो को जानकारी स्वास्थ्य बीमा बोर्डलाई गर्ने ।

पहिलो पक्ष

.........................................

नामः

पदः कार्यकारी निर्देशक

संस्थाः स्वास्थ्य बीमा बोर्ड

मितिः

दोश्रो पक्ष

.........................................

नामः

पदः

संस्थाः

ईमेलः

फोनः

मितिः

कार्यकारी निर्देशक

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

# अनुसूची २

## (परिच्छेद २ को दफा ५ र ६ सँग सम्बन्धित)

परिचय नखुल्ने तथ्याङ्क वा सामुदायिक तथा संस्थागत स्तरमा गई प्राथमिक तथ्याङ्कमा अध्ययन गर्न चाहेमा निम्न बमोजिमका कागजात बोर्ड समक्ष पेस गर्नुपर्नेछ ।

(क) प्रयोजन सहितको निवेदन

(ख) प्रस्तावना पत्र (Proposal)

(ग) नेपाल स्वास्थ्य अनुसन्धान परिषद (NHRC) वा संस्थागत पुनरावलोकन बोर्ड (IRB) बाट स्वीकृति पत्र (Ethical Approval Letter)

(घ) बायो डाटा (व्यक्ति वा संस्था)

(ङ) तथ्याङ्क उपलब्ध गराउने पर्ने खाका

# अनुसूची ३

## (परिच्छेद २ को दफा ७ सँग सम्बन्धित)

परिचय नखुल्ने तथ्याङ्क उपलब्ध गराउँदा लिइने दस्तुर

| क स | शिर्षक | दस्तुर |
|---|---|---|
| १ | नेपाल स्थित विश्वविधालय / कलेज | रु ७०००/- |
| २ | नेपाल स्थित विश्वविधालय / कलेजका विधार्थी (Master) | रु ३०००/- |
| ३ | नेपाल स्थित विश्वविधालय / कलेजका विधार्थी (PHD/Postdoctoral) | रु ५०००/- |
| ४ | नेपाल बाहिरका विश्वविधालय / कलेज | अमेरिकी डलर ३००/- |
| ५ | नेपाल बाहिरका विश्वविधालय / कलेजका विधार्थी (Master) (नेपाली नागरिक / विदेशी नागरिक) | अमेरिकी डलर १००/- |
| ६ | नेपाल बाहिरका विश्वविधालय / कलेजका विधार्थी (PHD/Postdoctoral) (नेपाली नागरिक / विदेशी नागरिक) | अमेरिकी डलर २००/- |
| ७ | नेपाल स्थित विश्वविधालय / कलेजका विधार्थी बाहेकका अन्य नेपाली नागरिक | रु ५०००/- |
| ८ | विदेशी नागरिक / नेपाल स्थित विश्वविधालयमा अध्ययनरत विदेशी विधार्थी | अमेरिकी डलर २००/- |
| ९ | सरकारी निकाय/राष्ट्रिय गैर सरकारी संस्था/ संस्था | रु ७०००/- |
| १० | अन्तराष्ट्रिय गैर सरकारी संस्था/ अन्तराष्ट्रिय निकाय | अमेरिकी डलर ५००/- |

कार्यकारी निर्देशक